# शौवालका ६ व्रतहरूको बारेमा विद्हरूका फतवाहरू

## فتاوى العلماء حول صيام ست من شوال

< नेपाली >

مأخوذ من :
**www.saaid.net**

अनुवादकः
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

## प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा शौवालको व्रतको बारेमा विभिन्न विद्हरूको उदगारलाई प्रश्न उत्तरको शैलीमा कुरआन र हदीसको प्रकाशमा प्रस्तुत गरिएको छ ताकि हाम्रा नेपाली दाजुभाइ र दिदीबहिनीहरूलाई पनि यसको पूर्णतया ज्ञान भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो नेपाली मुसलमान भाइ बहिनीहरूलाई यसको बारेमा सही ज्ञान प्रदान गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

प्रश्नः के शौवालका छवटै व्रतहरूलाई बस्नुको कुनै श्रेष्ठता वर्णित छ ? र के यी व्रतहरू एकै चोटि बसिन्छ वा भिन्न भिन्न गरेर पनि बस्न सकिन्छ ?

उत्तरः शौवालका ६ वटा व्रतहरूको श्रेष्ठता प्रमाणित छ, जस्तोकि हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"من صام رمضان ثم أتبعه بست من شوال كان كصيام الدهر" ( رواه مسلم في كتاب الصيام بشرح النووي 8/56 )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यसले पूर्ण सालको व्रत बसे सरह भइहाल्यो । ( यस हदीसलाई मुस्लिमले किताबुस्सियाममा वर्णन गर्नु भएको छ, शरह नव्वीको साथ ८/५६ )

र मान्छेलाई यो ज्ञान हुनुपर्छ कि यो श्रेष्ठता मात्र रमजान महिना सिद्धे पश्चात नै लागू हुन्छ, तसर्थ जुन मान्छेमाथि रमजानको व्रतको कजा होस् ( रमजानको व्रत छुटेको होस् र त्यसमाथि त्यसको छुटेको गणनालाई पूर्ण गर्नु जरुरी होस्) त त्यो पहिला त्यसको कजा गरोस्, अनि मात्र शौवालको व्रत बसोस् । र यदि त्यो रमजानको व्रतको कजा नगरिकन् शौवालको व्रत बस्छ भने त्यसलाई यो वर्णित श्रेष्ठता प्राप्त हुँदैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन् कि "जसले रमजानको पूर्ण व्रत बसेको होस्" तर जसमाथि रमजानको व्रतको कजा छ त्यसलाई यो भनिदैन कि त्यसले रमजानको पूर्ण व्रत बसेको छ, बरु यो भनिन्छ कि त्यसले रमजानका केही व्रत बसेको छ ।

र यस व्रतलाई एकै चोटि बस्न सकिन्छ र विभाजित गरेर पनि बस्न सकिन्छ, यसमा दुवै तरिका वैध छ, तर एकै चोटि बस्नु अति उत्तम र श्रेष्ठ मानिन्छ, किनकि यसमा सुकर्मतर्फ अग्रसरता देखाउनु बोध हुन्छ जुन प्रशंसनीय कार्य हो, र ढिलोपना छैन जुन कहिले काहिँ मान्छेलाई सुकर्म गर्नुबाट बाधित र वंचित गरिदिन्छ । (फतावा शैख सालेह अल् उसैमीन किताबुद्दअ्वा १/५२,५३ )

प्रश्नः शौवालको ६ व्रतको के हुकुम छ ? र के यो अनिवार्य छ ?

उत्तरः रमजानको अनिवार्य व्रत बसे पश्चात शौवालको व्रत प्रिय सुन्नत मानिन्छ, यो व्रत अनिवार्य छैन । यो मुसलमानको लागि वैधानिक कार्य हो, यसको अति श्रेष्ठता वर्णित छ, यसको पुण्य विशाल छ, यस व्रतलाई बसेर मान्छे पूर्ण वर्षको व्रत बस्ने पुण्य प्राप्त गर्न सक्छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथनबाट प्रमाणित छ, हजरत अबू अय्यूब अन्सारी रजिअल्लाहो अन्होको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم , وأبو داؤد والترمزي, والنسائي وابن ماجة )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिम, अबू दाऊद, तिर्मिजी, नेसाई र इब्ने माजाले वर्णन गर्नु भएको छ )

र यस हदीसको ब्याख्या गर्दै रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी भन्नु भएको छः

" من جاء بالحسنة فله عشر أمثالها" وفي رواية "جعل الله الحسنة بعشر أمثالها, فشهر بعشرة أشهر, وصيام ستة أيام تمام السنة" النسائي وابن ماجة, وهو في صحيح الترغيب والترهيب 1/421, ورواه ابن خزيمة بلفظ: " صيام شهر رمضان بعشر أمثالها, وصيام ستة أيام بشهرين فذلك صيام سنة"

अर्थ : जसले कुनै पनि सुकार्य गऱ्यो त्यसलाई एउटा सुकार्यलाई दश गुणा गरेर पुण्य दिइन्छ । र एउटा आर्को हदीसमा यसलाई यसरी व्याख्या गरिएको छ किः अल्लाहले एउटा सुकार्यको पुण्य दश गुणा गरेर दिन्छ, यसर्थ एक महिनाको व्रत दश महिना बराबर भयो, र ६ दिनको व्रतद्वारा पूर्ण वर्ष भयो । यसलाई नेसाई र इब्ने माजाले वर्णन गरेका छन् र यो हदीस सहीह तरगीब वत्तरहीबमा १/४२१ पनि वर्णित छ, र इब्ने खुजैमाले निम्नका शब्दहरूद्वारा वर्णन गरेका छन्ः रमजान महिनाको व्रत त्यसै जस्तो व्रतको दश गुणा बराबर छ, र ६ दिनको व्रत दुई महिना बराबर छ त यसरी पूर्ण वर्ष भयो ।

र शाफई र हम्बली विद्हरूले यो भनेका छन् कि यसको अर्थ हो कि एक वर्ष अनिवार्य व्रत बस्नुको पुण्य मिल्छ नत्र दश गुणाको पुण्य त नफिली व्रतमा पनि प्रमाणित छ ।

र यस्तै यी ६ वटा व्रतहरूको फाइदा मध्ये यो पनि हो कि: यसद्वारा रमजानका व्रतहरूमा भएका कमी कोताहीको पूर्ति भइहाल्छ, किनकि व्रतालुले जति पनि जतन गरे पनि त्यसको व्रतमा कुनै नकुनै कमी भइहाल्छ वा त्यो यस्तो कार्य गरिहाल्छ जुन त्यसको व्रतमाथि नराम्रो प्रभाव हालिदिन्छ, तसर्थ प्रलयको दिन त्यसको यस नफिली व्रतद्वारा त्यसको अनिवार्य व्रतको पूर्ति गरिन्छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

" إن أول ما يحاسب الناس به يوم القيامة من أعمالهم الصلاة, قال يقول ربنا جل وعز لملائكته: وهو أعلم, انظروا في صلاة عبدي أتمها أم نقصها, فإن كانت تامة كتبت تامة, وإن انتقص منها شيئا, قال: انظروا هل لعبدي من تطوع, فإن كان له تطوع قال: أتموا لعبدي فريضته من تطوعه, ثم تؤخذ الأعمال على ذلك " ( رواه أبو داؤد )

अर्थ : प्रलयको दिन सर्वप्रथम मान्छेहरूको कार्यहरू मध्ये जसको फैसला गरिन्छ त्यो नमाज हो, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि हाम्रो महान र पवित्र प्रतिपालक आफ्नो फरिश्ताहरूसित भन्छ: र त्यो अति ज्ञानी छ, कि हे फरिश्ताहरू मेरो भक्तको नमाजलाई हेर के त्यसले यसलाई परिपूर्ण तरिकाले आयोजित गरेको छ वा त्यसमा कुनै कमी कोताही गरेको छ ? त यदि त्यसको नमाज पूर्ण छ भने पूर्ण नै लेखिन्छ, तर यदि त्यसमा कुनै प्रकारको कमी छ भने हाम्रो रब भन्नेछ हेर के यसले कुनै नफिली नमाज पढेको छ ? त यदि त्यसका नफिली नमाज हुन्छन् भने भन्छ: त्यसैबाट यसको अनिवार्य नमाजलाई पूर्ण गरिदेऊ, त यस्तै तरिकाले तिमीहरूका समस्त सुकार्यहरूसित गरिन्छ। ( यसलाई अबू दाऊदले वर्णन गरेका छन् ) ( शैख मुहम्मद सालेह अल् मुन्जिद www.islam-qa.com )

प्रश्न: के पूर्ण शौवाल महिनामा व्रत बस्न सकिन्छ ?

उत्तर: रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस्। ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् )

तसर्थ यो व्रत बस्नुको लागि महिनाको कुनै विशेष दिन निर्धारित छैन बरु आस्थावान मान्छे आफै त्यसलाई पूर्ण महिनाबाट चयन गरी व्रत बसोस्। त यदि त्यो चाहोस् त महिनाको आरम्भमा बसोस्, र यदि चाहोस् त त्यसको माध्य वा अन्तयमा बसोस्, र यदि चाहोस् त सबैलाई एकै चोटि बसोस्, र चाहोस् त विभाजित गरेर बसोस्, जसरी गरे पनि त्यसको लागि उपयुक्त छ र त्यसको लागि मार्ग खुलेको छ। तर यसलाई शौवालको आरम्भमा बस्नु श्रेष्ठ मानिन्छ किनकि यसद्वारा भलाईतर्फ अग्रसरता देखाउनु बोध हुन्छ, तर यस्तो गर्नु त्यसमाथि अनिवार्य छैन। र त्यसको लागि यो पनि जायज छ कि कुनै साल यसलाई त्यागोस्, तर यसलाई निरन्तरताले बस्नु नै श्रेष्ठ छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

"أحب الأعمال إلى الله ما داوم عليه صاحبه وإن قل"

अर्थ : अल्लाह निकट सर्वोत्कृष्ट र प्रियतम सुकार्य त्यो हो जसमाथि त्यसलाई गर्ने व्यक्ति निरन्तरताले कार्यरत रहोस्, चाहे त्यो अति कम किन नहोस्।

र अल्लाह नै यसबारे अधिक ज्ञानवान छ। ( मजमूअ फतावा वमकालात मुतनव्वेअह लेसमाहतुश्शैख अब्दुल् अजीज बिन बाज रहेमहुल्लाह भाग १५, पे.३९० )

प्रश्न: के शौवालको व्रत एकै चोटि बस्नु जरुरी छ ? वा महिनाभरीमा कुनै समय पनि बस्न सकिन्छ ?

उत्तर: शौवालका ६ वटै व्रतहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छन्, र यसलाई एकै चोटि र विभाजित गरेर दुवै तरिकाले बस्न सकिन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसलाई निबन्धित गरेर वर्णन गरेका छैनन् तसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लमले नत एकै चोटि बस्ने आदेश गरेका छन् नत विभाजित गरेर, जस्तोकि उहाँको फर्मान छ :

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् )

र अल्लाह नै तौफीक दिनेवाला र सुअवसर प्रदान गर्नेवाला छ । ( मजमूअ फतावा वमकालात मुतनव्वेअह लेसमाहतुश्शैख अब्दुल् अजीज बिन बाज रहेमहुल्लाह भाग १५, पे.३९१ )

प्रश्नः रमजानको व्रतको कजा भन्दा पहिला के शौवालको व्रत बस्नु जायज छ ?

उत्तरः विद्हरूको यस कुरामा मतभेद छ, र सत्य कुरो यो हो कि शौवालको व्रत र समस्त नफिली व्रतमाथि रमजानको कजाको व्रतलाई प्राथमिकता दिनु नै उचित छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन् :

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् )

त जसले शौवालका ६ व्रतहरूलाई रमजानको कजामाथि प्राथमिकता प्रदान गऱ्यो त्यसले रमजानको व्रत पश्चात त्यसलाई बसेन, बरु रमजानका केही व्रत पश्चात बस्यो । र आर्को कुरो के छ भने रमजानको व्रतको कजा गर्नु अनिवार्य छ, र शौवालको व्रत बस्नु सुन्नत हो, त अनिवार्य कार्यलाई गर्नु र त्यसलाई नफिली कार्यमाथि प्राथमिकता दिनु आवश्यक छ ।

र अल्लाह नै तौफीक दिनेवाला र सुअवसर प्रदान गर्नेवाला छ । ( मजमूअ फतावा वमकालात मुतनव्वेअह लेसमाहतुश्शैख अब्दुल् अजीज बिन बाज रहेमहुल्लाह भाग १५, पे.३९२ )

प्रश्नः शौवालका ६ वटै व्रत ईद पश्चात तुरुन्तै बस्नु जररुरी छ वा केही दिन पछि पनि बस्न सकिन्छ ? र के त्यसलाई एकै चोटि बस्नुपर्छ वा विभाजित गरेर पनि बस्न सकिन्छ ?

उत्तरः मान्छेलाई यो आवश्यक छैन कि ईद पश्चात तुरुन्तै शौवालको व्रत बसोस् बरु ईद बिते पश्चात केही दिनपछि पनि व्रत बस्न सकिन्छ, र यस्तै त्यसलाई एकै चोटि बस्नु जरुरी छैन बरु एकै चोटि पनि बस्न सकिन्छ र विभाजित गरेर पनि, यस कुरामा मान्छेलाई स्वतन्त्रता प्राप्त छ । र यो व्रत अनिवार्य छैन बरु सुन्नत हो ।

र अल्लाह नै सुअवसर प्रदान गर्नेवाला छ, र प्रशान्ति अवतरित होस् अल्लाहका नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि । ( अल्लजनतुद्दाइमा लिल् बुहूसुल् इल्मीया वल् इफ्ता १०/३९१ )

प्रश्नः त्यो महिला जसको रजस्वलाको कारण रमजानका केही व्रत छुटेको छ के त्यो पहिला रमजानको छुटेको व्रतको कजा गरोस् वा पहिला शौवालको व्रत बस्न सक्छे ?

उत्तरः यदि त्यो महिला रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस हदीसको पुण्य चाहन्छे :

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् )

त त्यसलाई चाहियो कि पहिला रमजानको छुटेको व्रतको कजा गरोस्, अनि शौवालको व्रत बसोस्, ताकि हदीसमा वर्णित हुकुम त्यसमाथि लागू होस् र त्यसमा वर्णित पुण्य पाउनु त्यसलाई शम्मिलित भइहालोस्, र त्यसलाई त्यो पुण्य मिलोस् जुन हदीसमा वर्णित छ ।

र रह्यो कुरो वैधानिकताको त त्यसको लागि यो पनि वैध छ कि रमजानको कजालाई अघिल्लो आउने रमजान सम्मको लागि अवलम्भित गरोस् । ( शैख मुहम्मद सालेह अल् मुन्जिद www.islam-qa.com )

प्रश्नः जुन व्यक्तिले रमजान पश्चात शौवालको ६ वटै व्रत बस्यो, तर त्यसले रमजानको पूर्ण व्रत बसेको छैन, बरु कुनै वैधानिक कारणले दशवटा व्रत छाडेको छ, त के यो व्यक्ति पूर्ण सालको व्रतको पुण्य पाउनेछ? यसलाई पूर्णतया स्पष्ट पारिदिने अनुरोध छ ?

उत्तर: जति पनि सुकार्य भक्तहरू अल्लाहको निकटता र प्रसन्नता पाउनको लागि गर्छन् त्यसको पुण्यलाई निर्धारित गर्ने कार्य अल्लाहको कार्य सीमामा आउँछ, र यदि भक्त आफ्नो सुकार्यद्वारा अल्लाहको दया र प्रतिफलको आशा राख्दछ भने अल्लाह पनि त्यसको सुकार्यलाई खेर फाल्दैन, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ إِنَّا لَا نُضِيعُ أَجۡرَ مَنۡ أَحۡسَنَ عَمَلًا ٣٠ ﴾ الكهف: ٣٠

अर्थ : निश्चितरूपले जसले ईमान ल्याए र असल कर्म पनि गरे, भने हामीले सत्कर्म गर्नेहरूको पुरस्कार खेर जान दिदैनौं । ( सूरतुल् कहफ ३० )

त जसमाथि रमजानको व्रतको कजा छ भने त्यसलाई उचित यो नै छ कि पहिला रमजानको कजा गरोस्, अनि शौवालको व्रत बसोस्, किनकि यदि त्यसले यस्तो गरेन भने रमजान पश्चात शौवालको व्रत बस्नु सिद्ध हुँदैन, किनकि त्यसले अहिले सम्म रमजानको व्रत पूर्ण गरेको छैन ।

र अल्लाह नै सुअवसर प्रदान गर्नेवाला छ, र प्रशान्ति अवतरित होस् अल्लाहका नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि । ( अल्लजनतुद्दाइमा लिल् बुहूसुल् इल्मीया वल् इफ्ता १०/३९२ )

प्रश्न: तपाईहरूको शौवालका ६ वटा व्रतको बारेमा के विचार छ ? किनकि मुवत्ता इमाम मालिकमा छ कि: इमाम मालिक बिन अनसले शौवालको ६वटै व्रतको बारेमा भनेका छन् कि: यस व्रतलाई नत कुनै सदाचारी पूर्वजले राखे नत कुनै विद्ले बरु मेरो दृष्टिमा यसलाई सदाचारी र विद्हरू मक्रूह ठान्दथे र यस बिदअतबाट त्रसित रहन्थे, र यसकुराबाट पनि केही मूर्ख र अनभिज्ञहरू यसलाई अनिवार्य नठानुन् वा यसलाई रमजानको व्रतसित संलग्न नगरिदिउन्, र यो कुरा मुवत्ताको पहिलो भाग २२८ मा वर्णित छ ?

उत्तर: समस्त प्रशंसा अल्लाहकै लागि छ । हजरत अबू अय्यूब अन्सारीद्वारा यो हदीस प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم: 2/822, وأحمد: 5/417, وأبوداؤد: 2433, والترمزي: 1164 )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिमले २/८२२ मा वर्णन गरेका छन्, र अहमदले ५/४१७ मा वर्णन गरेका छन्, र अबूदाऊदले २४३३ मा वर्णन गरेका छन्, र इमाम तिर्मिजीले हदीस नं. ११६४ मा वर्णन गरेका छन् )

त यो हदीस सही छ जुन शौवालको व्रतलाई प्रमाणिकरण गर्छ, र त्यसलाई सुन्नत भन्दछ, र यसलाई शाफई, अहमद र विद्हरूका नायकहरूको एक समूहले बसेका छन् । त यस हदीसको मुकाबिलामा ती विद्हरूका वर्णित कुरा कदापि प्रमाण हुन्सक्दैन जसमा यो विश्लेषण गरिएको छ कि कदाचित अनभिज्ञहरू यसलाई रमजानसित संलग्न नठानुन् वा यसलाई अनिवार्य नमानिहालुन् । र इमाम मालिकको यो गुमान र सन्देह कि यसलाई कसैले पनि बसेका छैनन् त यो मात्र गुमान हो जुन सही हदीसको मुकाबिला गर्न सक्दैन, यसर्थ जससित प्रमाण छ त्यो त्यसमाथि प्रधान छ जससित कुनै प्रमाण छैन ।

र अल्लाह नै सुअवसर प्रदान गर्नेवाला छ, र प्रशान्ति अवतरित होस् अल्लाहका नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि । ( अल्लजनतुद्दाइमा लिल् बुहूसुल् इल्मीया वल् इफ्ता १०/३८९ )

प्रश्न: जब कुनै महिला शौवालको व्रत बस्ने इच्छा गरोस् र त्यसमाथि रमजानको कजा पनि छ त के त्यसमाथि यो अनिवार्य छ कि पहिला रमजानको कजा गरोस् अनि शौवालको व्रत बसोस् वा त्यसले पहिला शौवालको व्रत बसेमा कुनै आपत्ति छैन ?

उत्तर: रमजानको व्रतको कजाभन्दा पहिला नफिली व्रत बस्नुबारे विद्हरूको मतभेद छ जसलाई संक्षेपमा विद्हरूको दुई दृष्टिकेणहरू भन्न सकिन्छ :

१- रमजानको कजा गर्नुभन्दा पहिला पनि नफिली व्रत बस्नु जायज र वैधानिक छ । र यो नै अधिकांश विद्हरूको कथन हो । तसर्थ हन्फी विद्हरूको कथन छ किः रमजानको कजा गर्नु भन्दा पहिला नफिली व्रत बस्नु जायज र वैधानिक छ, किनकि रमजानको कजा तुरुन्तै जरुरी छैन बरु त्यसको लागि लामो समय छ, र यो नै इमाम अहमदको एउटा कथन हो ।

तर शाफइ र मालेकी विद्हरू निकट यस्तो गर्नु जायज त छ तर मक्रूह छ, किनकि यसद्वारा नफिली व्रतमा व्यस्त भएर अनिवार्य व्रतमा विलम्ब गर्नु बोध हुन्छ ।

२- रमजानको कजालाई पूर्ण नगरिकन् शौवालको व्रत बस्नु हराम छ । र यो हम्बली विद्हरूको कथन हो, तर दुवै मध्ये पहिलो दृष्टिकोण नै सही छ, किनकि जसले यो भनेका छन् कि रमजानको कजा नगरिकन् शौवालको व्रत बस्नु हराम छ तिनीहरूमाथि यो अनिवार्य छ कि प्रमाण प्रस्तुत गरुन्, तर यस्तो कुनै प्रमाण नै छैन जुन यसकुरालाई हराम गरोस् ।

र रह्यो कुरो रमजानको कजाभन्दा पहिला शौवालको ६ वटा व्रत बस्नुको त यसबारे पनि विद्हरूको मतभेद छ र यसमा पनि दुई दृष्टिकोणहरू छन् :

१- शौवालको ६ वटा व्रतको श्रेष्ठता मात्र त्यसैलाई प्राप्त हुन्छ जसले पहिला रमजानको कजा गरेको होस् अनि शौवालको व्रत बसेको होस् । र प्रमाणमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो हदीस पेश गर्छन् :

"من صام رمضان ثم أتبعه ستا من شوال كان كصيام الدهر" ( رواه مسلم )

अर्थ : जसले रमजानको (पूर्ण) व्रत बस्यो अनि त्यस पश्चात शौवालको ६ वटा व्रत पनि बस्यो, त त्यो यस्तो भयो जसरी कि त्यसले पूर्ण सालको व्रत बसेको होस् । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन )

त यो विशेषता मात्र त्यसलाई प्राप्त हुन्छ जुन रमजानको पूर्ण व्रत बसेको होस् । हैसमी तुहफतुल मुहताजको ३/४५७ मा भन्छन्: " किनकि त्यो रमजानको व्रतको साथ छ यदि यस्तो हुँदैन भने यो श्रेष्ठता प्राप्त हुँदैन चाहे त्यसले रमजानमा वैधानिक कारणले नै व्रत किन नछाडेको होस्" । र इब्नुल् मुफ्लेहले आफ्नो किताब अल् फुरूअ् ३/१०८ मा भन्नु हुन्छ: " जसले यस व्रतलाई बस्यो र रमजानको कजा पनि गऱ्यो त त्यसलाई यो श्रेष्ठता प्राप्त हुन्छ तर छाडेको व्रतको कारण वैधानिक हुनुपर्छ र यो नै हाम्रा साथीहरूको दृष्टि छ तर जुन जाहेर छ सत्य त्यस विपरीत छ र अल्लाह नै ज्ञानवान छ" । र यो नै वर्तमान विद्हरूको दृष्टिकोण पनि छ र शैख सालेह उसैमीन र शैख इब्ने बाजको पनि यो नै भनाई छ ।

२- शौवालको ६ वटा व्रतको श्रेष्ठता त्यस व्यक्तिलाई पनि प्राप्त हुन्छ जसले यसलाई रमजानको कजाभन्दा पहिला बस्यो यस शर्तको साथ कि त्यसले रमजानको व्रत वैधानिक कारणले छाडेको होस्, किनकि जसले रमजानको व्रत वैधानिक कारणले छाडेको छ त्यो रमजानको व्रत बसे सरह छ । त जब कजा गर्नुभन्दा पहिला नै शौवालको व्रत बस्यो त त्यसलाई त्यो श्रेष्ठता प्राप्त भयो जसलाई रमजान पश्चात बस्नुबाट मिल्ने रसूल सल्लल्लाहो अलैहे वसल्लमले वचन दिएका छन् । र बजीरमीले खतीबको टीका टिप्पणीको २/३५२ मा यो कथन वर्णन गरेका छन्: " रमजान पश्चातको अर्थ हो रमजानको व्रतलाई पूर्ण गरे पश्चात, त जब त्यसले शौवालको व्रत बसे पश्चात रमजानको गणना पूर्ण गऱ्यो त यस्तो गर्नाले पनि रमजानको पूर्णता सिद्ध भयो, र कदाचित यो पनि अर्थ हुन्सक्छ कि रमजानको व्रत पूर्ण गरोस् चाहे विलम्बले किन नहोस् जसरी कि फर्जका नफिलहरू विलम्बले पनि पूर्ण भइहाल्छन्" । र मुब्देअको ३/५२ मा छ कि "यसको श्रेष्ठता त्यसलाई पनि प्राप्त हुन्छ जसले यसलाई अर्थात शौवालको व्रत बस्यो अनि रमजानको ती व्रतहरूको कजा गऱ्यो जसलाई कुनै वैधानिक कारणले छाडेको थियो " ।

र मेरो दृष्टिमा जुन कुरो सत्य प्रष्ट हुन्छ त्यो यो होः कि रमजानको कजा गर्नुभन्दा अघि नै शौवालको व्रत बसेमा हदीसमा वर्णित पुण्य प्राप्त भइहाल्छ, किनकि रमजान महिनाको पुण्य दश महिना बराबर प्राप्त भइहालल्छ चाहे त्यसलाई रमजानमा बसेको होस् वा कजा गरेको होस्, र कजा गर्ने अवधि सीमित छैन बरु यसको अवधि लामो छ जस्तो कि अल्लाहको फर्मान छ :

﴿ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهْرَ فَلْيَصُمْهُ ۖ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ۗ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ ﴾ البقرة: ١٨٥

अर्थ : तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको व्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (व्रत बसी) त्यसको गणना पूरा गरोस् । अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । ( सूरतुल् बकरः १८५ )

र रह्यो शौवालको व्रतको कुरो त शौवाल महिना बिते बित्तिकै यसको श्रेष्ठता पनि समाप्त भइहाल्छ, यसर्थ जसले पनि यस महिनाको व्रत बस्यो चाहे रमजानको कजा गर्नुभन्दा अघि वा पछि त्यसलाई यसको श्रेष्ठता प्राप्त हुन्छ, तर उचित यो नै छ कि पहिला अल्लाहको हकलाई पूर्ण गरी आफ्नो कर्तव्यबाट उद्धार भइहालोस् अनि शौवालको व्रत बसोस् ।

र अल्लाह नै यसबारे अधिक ज्ञानी छ । ( खालिद बिन अब्दुल्लाह अल् मुस्लेह )

र अल्लाहको प्रशान्ति अवतरित होस् अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि ।

**समाप्त**

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com